**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ५ मितिः २०७९/०८/१६

**भाग-२**

**जैमिनी नगरपालिका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा, सुविधा सम्बन्धि कार्यविधि, २०७९**

**जैमिनी नगरपालिका**

# जैमिनी नगरपालिका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको सेवा, सुविधा सम्बन्धि कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९।०८।१६

प्रस्तावना

संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारहरुलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुदा नं. ६ मा स्वयम् सेवकको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा भएको अधिकार प्रयोग गरी सोही अनुसार जैमिनी नगरपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर, तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको सक्रीय भूमिकालाई उच्च मुल्याङकन गर्दै समुदायमा सचेतना अभिबृद्धि एवं स्वास्थ्य सेवा प्रबाहका लागि थप सेवा सुविधा प्रदान गर्न आबश्यक देखिएकोले जैमिनी नगरपालिकाको कार्यपालिकाबाट **"जैमिनी नगरपालिका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका सेवा सुविधा सम्बन्धि कार्यविधि, २०७९"** तयार पारिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **सक्षिप्त नाम:** यो कार्यविधिको नाम "**जैमिनी नगरपालिका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका सेवा, सुविधा सम्बन्धी कार्यविधि २०७९**" रहेको छ ।

२. **प्रारम्भ:** यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

३. **परिभाषा:**

क."कार्यविधि" भन्नाले "जैमिनी नगरपालिका महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका सेवा, सुविधा सम्बन्धी कार्यविधि, २०७९" लाई सम्झनुपर्दछ ।

ख."नगरपालिका" भन्नाले जैमिनी नगरपालिका लाई सम्झनुपर्दछ ।

ग."सेवा, सुविधा" भन्नाले नगरपालिकाबाट विनियोजित बजेटको अधिनमा रहेर गर्भवती र सुत्केरीको साथी स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मी कार्यक्रम साथै सुरक्षित मातृत्व र बाल स्वास्थ्यमा काम गरे बापत पाउने यातायात र संचार सुविधालाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## उद्देश्य, काम कर्तव्य र जिम्मेवारी

**४. उद्देश्य:**

४.१. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई सेवामा उत्प्रेरित गर्नु ।

४. २. नगरपालिकाको गर्भवती र सुत्केरीको साथी पोषण, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्यकर्मी कार्यक्रमका साथै, सुरक्षित मातृत्व र बाल स्वास्थ्य कार्यक्रममा महिला सामुदायिक स्वस्थ्य स्वयम् सेवीका परिचालन गरी निर्धारित समयमै लक्ष्य हासिल गर्नु ।

४.३. सुनौला हजार दिन भित्रका आमा तथा बच्चाको स्वास्थ्य क्षेत्रको प्रगति प्राप्त गर्नु ।

४.४. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सुरक्षित मातृत्व र बाल स्वास्थ्यमा निर्धारित गरेको स्वास्थ्य प्रबर्द्धन सम्बन्धी लक्ष तथा उद्देश्यहरु हासिल गर्नु ।

**५. काम, कर्तब्य र जिम्मेवारी:**

५.१. तोकिएको कार्यक्षेत्र भित्रका सम्पुर्ण घरधुरीका गर्भवती महिला, सुत्केरी महिला र सुत्केरी पछि ४२ दिन भित्रका सुत्केरीको साथै दुई बर्ष मुनिका बालबालिकाहरुको संख्याको लगत राख्ने ।

५.२. आफ्नो क्षेत्र भित्रका गर्भवती महिला राष्ट्रिय प्रोटोकल अनुसार ८ पटक स्वास्थ्य संस्थामा जाँच गर्न गएको सुनिश्चितता गर्दै शतप्रतिशत गर्भवतीहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी हुन प्रोत्साहन गर्ने ।

५.३. दुई वर्ष मुनिका बालबालिकाहरुको अभिभावकले प्रतेक महिना स्वास्थ्यकर्मीसँग आफ्नो वालवालिकाको चेकजाँच गरी बच्चाको बृद्धि उमेर अनुसार भए नभएको र स्वास्थ्य अवस्था ठिक भए नभएको बारे सुनिश्चितता गर्ने ।

५.४. गर्भवती र सुत्केरी पश्चात् पोषण प्याकेज सहित घरभेटमा जाने ।

५.५. मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयनका लागि मोबाईल स्वास्थ्य कार्यक्रममा आबद्ध भई सेवा दिने ।

५.६. सम्वन्धित स्वास्थ्य संस्था, वडा कार्यालय र नगरपालिकाको मातहतमा रही सेवा गर्ने ।

५.७. स्वास्थ्य आमा समूहको नियमित बैठक संचालनमा प्रजनन् उमेर समूहका महिला र सुनौलो हजार दिन भित्रका गर्भवतीहरु र सुत्केरी आमाहरुलाई सहभागी गराई यससँग सम्वन्धित

स्वास्थ्य शिक्षा प्रबर्द्धनको कुनै एक विषयमा छलफल गराउने र महिना भरी आफुले सम्पादन गरेका कार्यको प्रतिबेदन सम्वन्धित स्वास्थ्य संस्थामा बुझाउने ।

५.८. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सुरक्षित मातृत्व र बाल स्वास्थ्य सेवा सम्वन्धी सम्पूर्ण क्रियाकलापमा सहभागी भई सहयोग गर्ने ।

५.९. आफ्नो सेवा क्षेत्र भित्रका परिवार नियोजनका उपयुक्त जोडी पहिचान गरी परिवार नियोजनका आधुनिक साधन प्रयोग गराउन प्रोत्साहान गर्ने ।

## परिच्छेद ३

## सेवा, सुविधा र भुक्तानी प्रकृया

### ६. सेवा, सुविधा

६.१. महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाको कुनै मासिक पारिश्रमिक हुने छैन । सम्भव भए सम्म अन्य सेवा, सुविधा बैक मार्फत उपलब्ध गराइनेछ ।

६.२. दफा ५ बमोजिमको काम, कर्तब्य र जिम्मेबारी इमान्दारी साथ पुर्ण रुपमा पुरा गरी नगरपालिकालाई आमा सुरक्षा कार्यक्रमको लक्ष्य प्राप्तिको लागि सहयोग गरे बापत उत्प्रेरणाका लागि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकालाई अनुसुची -१ बमोजिमको सेवा सुविधा प्रदान गरिनेछ ।

६.३. तर राजनैतीक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ती वा मनोनयन लिएमा यस कार्यविधि बमोजिमको कार्य वा सेवा सुविधामा मा समावेश गरिने छैन ।

६.४. यो कार्यविधिले संघीय सरकार र प्रदेश सरकार बाट उपलब्ध गराउने सेवा सुविधालाई उपभोगमा बाधा पुराउने छैन।

### ७. भुक्तानी प्रक्रिया

७.१. रकम भुक्तानीका आधारहरु तपशिल बमोजिम रहने छन् ।

७.१.१. सुरक्षित मातृत्व र बाल स्वास्थ्य कार्यक्रमको संचार खर्च रकम र प्रतिमहिना स्वास्थ्य संस्थामा प्रतिवेदन गर्दाको यातायात खर्च रकम उपस्थितिको आधारमा आर्थिक बर्षको अन्तमा एकमुष्ट बैंक मार्फत भुक्तानी गरिनेछ ।

७.१.२. पारिवारिक स्वास्थ्य विमामा सहयोगका लागि महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाले प्रति परिवार ५ जनाका लागि रु. ३५००।— (अक्षरुपी तीन हजार पाँच सय मात्र) राष्ट्रिय विमा कार्यक्रममा आबद्ध हुदाँ पैसा तिरेको रसिद र बिमा पोलिसीको आधारमा रु. १७५०।- (अक्षरुपी एक हजार सात सय पचास) बैंक मार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद ४

## विविध

### ८. थपघट र हेरफेर

८.१. नगरपालिकाको आबश्यकता र औचित्य अनुसार जैमिनी नगरपालीकाले यस कार्यविधिलाई आवश्यक थपघट र हेरफेर गर्न सक्नेछ ।

### ९. बाधा अडकाउ फुकाउ

९.१. यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा आई परेमा नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

# अनुसुची १

## (दफा ६.२ सँग सम्बन्धित)

## महिला सामुदायिक स्वास्थ्य स्वयम् सेवीकाले पाउने सुविधा

| सि न | क्रियाकलाप | बर्ष/ महिना | दर | कैफियत |
|---|---|---|---|---|
| १ | आमा सुरक्षा तथा बाल स्वास्थ्य कार्यक्रमको स्वास्थ्य संस्थामा मासिक प्रतिवेदन पेश गरे बापत यातायात खर्च | प्रतिमहिना | ४००।- | |
| २ | मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयनका लागि मोबाईल स्वास्थ्य कार्यक्रममा सहयोग बापत संचार खर्च | प्रतिमहिना | १००।- | |
| ३ | गर्भवती र सुत्केरी पश्चात् पोषण प्याकेज सहित घरभेट लगायत स्वास्थ्यका विभिन्न कार्यक्रममा सहयोग गरे बापत पारिवारिक स्वास्थ्य विमामा सहयोग | प्रतिबर्ष | १७५०।- | स्वास्थ्य विमा कार्यक्रममा सहयोग |